नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

वैदेशिक रोजगार विभाग

ताहाचल, काठमाण्डौं।

मितिः २०८३।०८।११

विचौलिया निषेध सम्बन्धी सूचना

युवा, श्रम तथा रोजगार मन्त्रालयको निर्देशन विभागको सक्रियतामा यस विभागबाट प्रवाहहुने सेवाहरुलाई सरलीकृत, छिटो छरिटो र व्यवस्थित बनाउने क्रममा अधिकांश सेवा अनलाईन गरिएको, श्रम स्वीकृति सम्बन्धी कार्य तोकिएको कागजात पुगेको हकमा २४ घण्टा भित्र, राहत उद्दार सम्बन्धी कार्य ३ दिन भित्र, मुद्दा तथा अनुसन्धान सम्बन्धी प्रारम्भिक कारवाही ७ दिन भित्र तथा अनुगमन सम्बन्धी कार्य नियमित रुपमा हुने गरी व्यवस्था मिलाइएको छ। विभागमा उपस्थित भएर सम्पन्न गर्नु पर्ने काममा सहजीकरण गर्न (निःशुल्क रुपमा निवेदन लेख्ने, अनलाईन उजुरी गर्ने, आफ्नो काम कहिले हुन्छ? कुन प्रकृयामा पुगेको छ? तोकिएको समय भन्दा ढिला भएको भए किन ढिला भएको भनी आधिकारिक जानकारी दिन लगायतका कार्य) ५ जना कर्मचारी सहितको सहायता कक्ष संचालन गरिएको छ।

साथै विभागमा विचौलिया/वाह्य सहजकर्ता आवश्यक नपर्ने गरी कार्य बातावारण मिलाइएकोले विचौलिया निषेध गरिएको छ। विभागको काममा सहजिकरण गरिदिने, छिटो काम गराईदिने भनी कोही कसैले आश्वासन दिई आर्थिक लेनदेन गर्न खोजेमा तत्काल यस विभागमा जानकारी गरांउनु हुन अनुरोध गरिन्छ। सुचनादाताको विवरण गोप्य राखिनेछ ।

विभागको फोन नं.: ०१-५९०७६५९
मोबाइल नं.: ९७४३२३३४८४
इमेलः info@dofe.gov.np